### संचालक समितिको बैठक

आज मिति २०८० साल भाद्र महिना २४ गते आइतवार अपरान्ह ३:३० बजे यस बलेफी हाइड्रोपावर लि.को सञ्चालक समितिको बैठक सञ्चालक समितिका अध्यक्ष श्री उमेश कसजुज्यूको अध्यक्षतामा कम्पनीको कार्यालयमा बस्यो र यस बैठकमा निम्न विषयहरुमा छलफल भई निर्णय भयो ।

**उपस्थिती**

| | | | |
|---|---|---|---|
| १. | श्री उमेश कसजु | – | अध्यक्ष |
| २. | श्री सुशिल गुप्ता | – | सञ्चालक |
| ३. | श्री सन्दीप कुमार शारदा | – | सञ्चालक |
| ४. | श्री शक्ति कुमार गोल्याण | – | सञ्चालक |
| ५. | श्री सुलभ अग्रवाल | – | सञ्चालक |

**छलफलका विषयहरु**

१. वार्षिक साधारण सभा बोलाउने सम्बन्धमा ।

२. विविध ।

**निर्णयहरु**

१. यस कम्पनीको वार्षिक साधारण सभा आगामि मिति २०८० साल आश्विन महिना १८ गते दिनको ११:३० बजे आम्रपालि व्याङ्क्वेट, काठमाण्डौमा बस्ने र सो साधारण सभामा तपसीलका विषयहरुमा छलफल गर्ने निर्णय सर्वसम्मतिबाट पारित गरियो । साथै साधारण सभा बस्ने मिति, स्थान र समयका बारेमा कम्पनीका सम्पूर्ण शेयरहोल्डरहरुलाई सूचना गर्ने निर्णय गरियो ।

**तपसील**

**क) सामान्य प्रस्ताव**

१. संचालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नु हुने आ.व.२०७७/०७८ र २०७८/०७९ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।

२. यस कम्पनीको लेखापरिक्षकको प्रतिवेदन सहितको आ.व. २०७७/०७८ र २०७८/०७९ को वार्षिक वित्तीय विवरण आषाढ मसान्त २०७८ र आषाढ मसान्त २०७९ मा समाप्त भएको वर्षको वासलात, आ.व.२०७७/०७८ र २०७८/०७९ को नाफा नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरण, इक्यिटिमा भएको परिवर्तन सम्बन्धी विवरण लगाएत वार्षिक वित्तीय विवरणसंग सम्वद्ध अनुसुचीहरु) उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।

३. कम्पनी ऐनको दफा १११ बमोजिम यस कम्पनीको आर्थिक वर्ष २०७९/०८० का लागि लेखापरिक्षण गर्न लेखापरिक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने सम्बन्धमा ।

४. संचालक समितिको पुर्नगठन तथा सर्वसाधारण र स्वतन्त्र संचालकको नियुक्ति गर्ने सम्बन्धमा ।

ख) विशेष प्रस्ताव

१.निम्न विषयका सम्बन्धमा प्रवन्ध-पत्र तथा नियमावली संशोधन प्रस्ताव पारित गर्ने र उक्त सांशोधनहरुमा नियामक निकायहरुबाट कुनै परिमार्जन गर्ने सुझाव वा निर्देशन भएमा सो अनुसार आवश्यक परिमार्जन गर्ने सम्बन्धी सम्पूर्ण अख्तियारी संचालक समितिलाई प्रदान गर्ने सम्बन्धमा ।

अ) कम्पनीको पूँजी वृद्धि गर्ने सम्बन्धमा ।

आ) कम्पनीको ठेगाना परिवर्तन सम्बन्धमा ।

इ) कम्पनीले १:१ को अनुपातमा हकप्रद शेयर निष्काशन गर्ने सम्बन्धमा ।

ई) कर्जा सिमा वृद्धिको स्विकृति गर्ने सम्बन्धमा ।

ग) **विविध :**

२. आजलाई छलफलका अन्य विषयहरु केही नभएकोले यो बैठक यही विर्सजन गर्ने निर्णय भयो ।

Balephi Hydropower Ltd. ★ 2012 ★